फोन नं. : ४२६२३२६, ४२६२४१६, ४२६२५१८, ४२६२९२३, ४१११११९
फ्याक्स : ९७७-१-४२६२५१६
इमेल : cnsatm@mos.com.np
केवल : AIRCIVIL
AFTN : VNKTYAYX

# नेपाल नागरिक उड्डयन प्राधिकरण

प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल ।

कर्पोरेट निर्देशनालय

पत्र संख्या:- ०७३/७४ च.नं. २८० मिति:- २०७३।११।२२

श्री नेपाल नागरिक उड्डयन प्राधिकरण अन्तर्गतका
सचिवालय/ निर्देशनालयहरु/प्रतिष्ठान/विभागहरु/कार्यालयहरु समेत

**विषय** : <u>आगामी **आ.व.२०७४।७५ को वार्षिक बजेट तथा कार्यक्रम** पेश गर्ने बारे</u> ।

प्रस्तुत सम्बन्धमा प्राधिकरणको आगामी आर्थिक वर्ष २०७४।७५ को वार्षिक बजेट तथा कार्यक्रम तयारीका लागि देहाय बमोजिमका विवरणहरु पठाई दिनुहुन अनुरोध छ ।

१. आगामी वर्षमा निरन्तरता दिनु पर्ने, हाल चालु रहेका र आगामि आ.व.को लागि नयाँ सञ्चालनमा ल्याईने मुख्य मुख्य कार्यक्रमहरुको पुष्ट्याई र प्राथमिकता सहित बजेट माग फारामसंग सम्वन्धित **निम्न वमोजिमका विषयहरु समेत समावेश/सम्वोधन हुने गरी** प्रत्येक cost centre हरुले आ-आफ्नो निकायको लागि **आगामी आर्थिक वर्षको कार्यनीति तथा प्रमुख कार्यक्रमहरुको विवरण** वनाई ढिलोमा **२०७३ चैत्र महिनाको १५ गते सम्म छुट्टै प्रस्ताव पेश गर्ने** :

i. Non Aeronautical Revenue वृद्धि गर्नको लागि स्थानिय स्रोत र साधन परिचालन गर्न सकिने सहज योजनाहरु भए सो को विवरण ।
ii. सवारी साधन, जेनेरेटर, एयरकण्डिशनर, नेभिगेशनल, संचार उपकरण, कम्प्यूटर जस्ता अन्य उपकरणको संख्या अवस्था बिवरण र तिनको उपयोग लगायतका विवरण एवं नयाँ प्रस्ताव गर्ने यन्त्र उपकरणको उपयोग योजना ।
iii. जग्गाको आधिकारिक क्षेत्रफल, संरचनाहरु जस्तै बिमानस्थलको लम्बाई, चौडाई, भवनहरुको संख्या/प्रकार, खानेपानी, तारवार, बिद्युत मिटरको संख्या, क्षमता तथा टेलिफोन संख्या लगायत कार्यालयमा रहेका खर्च भएर नजाने सामानहरुको विवरण एवं तिनीहरुको मासिक खर्च तथा उपयोग आदि ।
iv. कार्यालयको स्वीकृत दरवन्दी एवं कार्यरत कर्मचारीको बिस्तृत बिबरण (जस्तै स्थायी, करार, तह, सेवा, तथा अन्य रुपले कार्यरत जनशक्तिको यथार्थ बिबरण ।) सेवा प्रदायक जनशक्तिको विवरण पठाउँदा त्यस्तो सेवाको उपयोग र सेवा सुविधा सहित सेवा प्रदायक संस्थासंग गरिएको संझौताको प्रतिलिपि समेत समावेश गर्ने ।
v. तत्कालै नगरी नहुने निर्माण/विस्तार, मर्मत तथा लिलामका कार्यहरु र सो को बिबरण ।
vi. चालु आ.ब.मा संचालित कार्यक्रमलाई आगामी आ.व.मा निरन्तरता दिनुपर्ने भएमा पहिलो प्राथमिकतामा राख्नुका साथै नयाँ योजना तयार गर्दा लागत प्रतिफलको बिबरण ।
vii. बजेट माग गरिएका प्रस्तावित कार्यक्रमहरुको औचित्यता सहितको विस्तृत पुष्ट्याई विवरण ।
viii. Software मा उल्लेखित बजेट माग फाराम वमोजिमका अन्य विवरणहरु ।
ix. एकबर्ष भन्दा बढी अवधिका कार्यक्रम प्रस्ताव गर्दा अनुमानित कुल लागत (Cost Estimate) तथा निर्माण/खरिद अवधि स्पष्ट खुलाउनुका अतिरिक्त प्रत्येक बर्षमा सम्पादन गरिने कार्यक्रम र सोको लागि आवश्यक पर्ने बार्षिक वजेट विभाजन र सो को बहुबर्षिय योजना ।
x. बैंक खाताको विस्तृत विवरणको साथै फाल्गुण मसान्त सम्मको बैंक मौज्दात र आगामी आ.व.को अनुमानित आम्दानी विवरण ।

फोन नं. : ४२६२३२६, ४२६२४१६, ४२६२५१८, ४२६२९२३, ४१११११९
फ्याक्स : ९७७-१-४२६२५१६
इमेल : cnsatm@mos.com.np
केबल : AIRCIVIL
AFTN : VNKTYAYX

# नेपाल नागरिक उड्डयन प्राधिकरण

प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल ।

पत्र संख्याः-                                                  मितिः-

२. आय/व्ययको अनुमान तयार गर्दा साविक ढाँचा बमोजिम हरेक शिर्षक/उपशिर्षकको कुल रकम खुलाउनुका अतिरिक्त संलग्न ढाँचामा विवरण (आय तथा व्ययको लागि छुट्टा छुट्टै) समावेश गर्ने ।

३. बजेट रकम प्रस्ताव गर्दा सम्वन्धित निकायको लागि चालु आ.व.मा विनियोजित रकम (पूँजीगत तथा कार्यसञ्चालन खर्चतर्फ बेग्ला बेग्लै) को १० % ले थप गर्दा हुन आउने रकम वा गत आ.व. को यथार्थ खर्चको २० % ले थप गर्दा हुन आउने रकम मध्ये जुन कम हुन्छ सोही रकमलाई बजेट सीमा (सिलिङ्ग) कायम गरी पूँजीगत तथा कार्यसञ्चालन खर्चतर्फका सम्बन्धित शीर्षक उपशीर्षकमा बाँडफाँड गर्ने ।

४. पूँजिगत खर्च शीर्षकमा बुँदा नं. ३ बमोजिम कायम हुने बजेट सिलिङ्ग भन्दा बढी बजेट प्रस्ताव गर्ने निकायहरुले त्यसको लागि बजेट सम्वद्ध सम्झौता, निर्णय वा थप बजेट माग गर्नु पर्नाको आधार खुलाई बेग्लै पुस्ट्याईं समावेश गर्ने र सो नभएमा महानिर्देशकज्यूको पूर्व स्वीकृति गराई त्यस्तो स्वीकृति सम्बन्धी कागजात अनिवार्य रुपले पेश गर्ने ।

५. सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) तथा खरिद नियमावली २०६४ (संशोधन सहित) मा भएको प्रावधान ( ऐन को दफा ६ तथा नियमावलीको नियम ७ र ८ को व्यवस्था) अनुरुप कार्यक्रमहरुको **वार्षिक खरिद योजना र खरिद गुरुयोजना** बजेट माग फाराम साथ अनिवार्य रुपमा पेश गर्ने ।

६. प्राधिकरणको स्रोत तथा नेपाल सरकारको शेयर, अनुदान (Budgetary Grant) र ऋणमा संचालन हुने आयोजना तथा कार्यक्रमको लागि छुट्टा छुट्टै महल उल्लेख गरी बजेट माग फाराम पेश गर्ने ।

७. बजेट माग फाराम तयार गर्दा PPMO को Guidelines तथा ने.ना.उ.प्रा. विमानस्थल सेवा शुल्क नियमावली २०६७ ( संशोधन सहित) एवं ने. ना.उ.प्रा.का अन्य सम्वद्ध नियमावली अतिरिक्त नेपाल सरकारको बजेट तर्जुमा निर्देशिकामा रहेका प्रावधानहरु पालना गर्ने ।

८. प्रत्येक cost centre हरुले **आ-आफ्नो निकायको प्रयोगमा रहेको Email address** बजेट माग फाराम साथ यस निर्देशनालयमा उपलब्ध गराउनु पर्ने ।

**उल्लेखित कार्यनीति तथा कार्यक्रम बमोजिम आगामी आ.व.को प्रस्तावित बजेट तयार गरी ढिलोमा २०७३ चैत्र २५ गते भित्र संलग्न ढाँचामा उल्लेख भएको विवरणका अतिरिक्त अन्य आवश्यक विवरण एवं पुष्ट्याई सहितको तहाँबाट प्रस्तावित बजेट http://www.caanepal.org.np को CAAN Budget (Budget Software) मा (Budget Demand) भरी सोको Hard Copy समेत यस निर्देशनालयमा अनिवार्य रुपमा पठाई दिनुहुन निर्णयानुसार अनुरोध छ ।**

प्रकाश चन्द्र शर्मा
उपप्रबन्धक

**सादर अवगतार्थ :**
श्रीमान् महानिर्देशकज्यू, ने.ना.उ.प्रा., प्रधान कार्यालय ।
श्रीमान् उप-महानिर्देशकज्यू, कर्पोरेट निर्देशनालय, ने.ना.उ.प्रा., प्रधान कार्यालय ।

Guideline no. 3 **(Calculating Budget Ceiling)**

| बजेट विवरण (मू.अ.कर समेत) | गत आ.व. ०७२/७३ को यथार्थ खर्च | २०७२/७३ को खर्चमा २०% ले थप गर्दा कायम हुने रकम | चालु आ.व. ०७३/७४ को विनियोजन | २०७३/७४ को विनियोजनमा १०% ले थप गर्दा कायम हुने रकम | आगामी आ.व. ०७४/७५ को बजेट सीमा |
|---|---|---|---|---|---|
| कार्य सञ्चालन खर्चः | | | | | |
| पूंजीगत खर्चः | | | | | |
| विमास्थल विकास कोष (Only for TIA) | | | | | |
| **जम्मा** | | | | | |

Guideline no. ix ( Multiyear Programme)

| ब.शी.नं. | कार्यक्रम | कूल बजेट | आ.ब. ०७३/७४ को | | आ.ब. ०७४/७५ को | | आ.ब. ०७५/७६ को | | आ.ब. ०७६/७७ को | | बजेटको श्रोत | प्राथमिकता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बजेट | कार्यक्रम | बजेट | कार्यक्रम | बजेट | कार्यक्रम | बजेट | कार्यक्रम | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| **Total** | | | | | | | | | | | | | |
| VAT | | | | | | | | | | | | | |
| **Grand Total** | | | | | | | | | | | | | |